प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**कोरोनाबाट बच्ने उपाय**

- नियमित रूपमा साबुन पानीले हात धोऔं,
- संक्रमित वा शंकास्पद ब्यक्तिको सम्पर्कबाट टाढा रहौं,
- रुघाखोकी लागेका ब्यक्तिको नजिक वा सामुन्नेमा नबसौं,
- अनावश्यक रुपमा आँखा, मुख तथा नाकमा बारम्बार नछौऔं,
- भीडभाडमा नजाऔं र जानै परे मास्क लगाएर जाऔं,
- बारम्बार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रुमालको सरसफाइमा ध्यान दिऔं,
- खोक्दा वा हाच्छ्यु गर्दा पाखुराले वा रुमालले नाकमुख छोपौं,
- खोप अनिवार्य रुपमा लगाऔं,
- कोरोनाको लक्षण देखिएमा तुरुन्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १८४ ॥ २०८२ श्रावण ३० गते शुक्रबार (15th Aug 2025 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# झापामा जापानिज इन्सेफलाइटिसबाट एक बालिकाको मृत्यु

झापा(प्रस) । झापामा जापानिज इन्सेफलाइटिस (जेई)बाट एक बालिकाको मृत्यु भएको छ । झापा गौरीगञ्ज १ की ८ वर्षीया बालिका वर्षा महतोको जापानिज इन्सेफलाइटिसबाट मृत्यु भएको पुष्टि भएको हो । गत साउन १ गते विराट मेडिकल कलेज विराटनगरमा भर्ना गरिएकी ती बालिकाको साउन ४ गते मृत्यु भएको विश्व स्वास्थ्य संगठन दमककी आइपीडी सर्भिलेन्स अफिसर डा. संगीता शाहले प्रतिदिनलाई बताइन् । उनले जापानिज इन्सेफलाइटिसको संक्रमण बढ्दै गएको जानकारी दिइन् । उनको मृत्यु भएको रिपोर्ट अझै आइनपुगेको स्वास्थ्य कार्यालय झापाका निमित्त प्रमुख राजकुमार पोखरेलले प्रतिदिनलाई बताए ।

त्यस्तै संक्रमण बढ्दै जाने क्रममा जिल्लाका चारजनामा सो रोगको संक्रमण पुष्टि भएको छ । यसअघि मेचीनगरका दुई महिलामा संक्रमण देखिएकोमा भद्रपुरका एक वृद्धलाई पनि जापानिज इन्सेफलाइटिस पुष्टि भएको छ । भद्रपुर -९ पुहाँतुवारीका ७७ वर्षका बृद्धलाई जापानिज इन्सेफलाइटिस देखिएको हो । उनलाई उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड भर्ना गरिएको निमित्त कार्यालय प्रमुख पोखरेलले जानकारी दिए । यसअघि मेचीनगर नगरपालिकाका दुईजनालाई जापानिज इन्सेफलाइटिस रोग देखिएको छ ।

मेचीनगर ३ र ५ नम्वर वडाका दुई जना महिलामा यसको संक्रमण देखिएको हो । वडा नम्बर -३ की ३६ र वडा नम्बर -५ की ५५ वर्षीया महिलामा संक्रमण देखिएको मेचीनगर नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ।

गत वर्ष यो संक्रमणबाट झापामा दुईजनाको मृत्यु भएको थियो । मेचीनगर र दमकमा एक-एकजनाको मृत्यु भएको थियो ।

त्यस्तै इलामका एकजनालाई जापानिज इन्सेफलाइटिस पुष्टि भएको छ । माई नगरपालिका वडा नं ८ महमाईकी एकजना महिला जापानिज इन्सेफलाइटिसबाट गम्भीर विरामी परेकी हुन् ।

जापानिज इन्सेफलाईटिसका लागि रगत नमूना सङ्कलन गरि प्रयोगशालामा पठाउँदा



नतिजा पोजेटिभ देखिएको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौंले जनाएको छ। त्यस्तै तेह्रथुममा एकजना र मोरङमा चारजना संक्रमित देखिएका छन् ।

नेपालमा जापानिज इन्सेफलाइटिस संक्रमितको संख्या ३३ पुगेको छ । १० दिनअघि १३ जनामा संक्रमण पुष्टि भएको थियो भने यो क्रम रोकिने देखिँदैन । स्वास्थ्य मन्त्रालयका अनुसार जापानिज इन्सेफलाइटिस संक्रमणबाट तीन जनाको मृत्यु भइसकेको छ भने यो १८ जिल्लामा फैलिसकेको छ ।

स्वास्थ्य मन्त्रालयको तथ्यांक अनुसार संक्रमितमध्ये मृत्यु हुने दर नौ प्रतिशतभन्दा बढी छ । संक्रमित फैलिने दर बढ्नु भनेको घातक रोग देशभर फैलिन थालेको स्पष्ट संकेत हो । विगतका वर्षहरूमा जापानिज इन्सेफलाइटिसबाट हजारौं मानिस संक्रमित भएका थिए । हाल संक्रमित भएका र मृतकमध्ये अधिकांशले खोप लगाएका छैनन् ।

स्वास्थ्य सेवा विभागका पूर्वमहानिर्देशक डा. यशोवर्धन प्रधानका अनुसार जापानिज इन्सेफलाइटिस भाइरसको फैलावट रोक्न खोप प्रमाणित र प्रभावकारी उपाय हो । प्रधान भन्छन्, 'देशमा फेरि जेई प्रकोप देखिएको अवस्थामा, जीवन बचाउन र थप असरहरु रोक्न खोप नै एक मात्र उपाय हो ।'

जापानी इन्सेफलाइटिस एसिया र पश्चिमी प्रशान्तका केही क्षेत्रमा पाइने भाइरसजन्य संक्रमण हो । जुन मस्तिष्कमा हुन्छ । विश्व स्वास्थ्य संगठनका अनुसार यो डेंगी, जिका, एल्लोफिभर र वेस्ट नाइल भाइरसजस्तै एउटै लामखुट्टेबाट सर्ने फ्लाभीभाइरस हो ।

संयुक्त राष्ट्रसंघको स्वास्थ्य निकायका अनुसार यो भाइरसले बिरामी हुनेमध्ये करिब एकतिहाइको मृत्यु हुन्छ र बाँचेका मध्ये पनि आधा मानिसलाई आजीवन गम्भीर अपांगता निम्ताउँछ ।

गत वर्ष यसै रोगका कारण २३ जनाको मृत्यु भएको थियो भने ८० भन्दा बढी मानिस संक्रमित भएका थिए । गम्भीर लक्षण देखिएका बिरामीलाई मात्रै अस्पताल भर्ना गरिएकाले वा वास्तविक संक्रमितको संख्या अझ धेरै हुन सक्ने चिकित्सकहरूको अनुमान छ ।

यो वर्ष झापा,मोरङ, बारा,सप्तरी, सिरहा, सर्लाही, पर्सा, पश्चिम नवलपरासी, सिन्धुली, बर्दिया र चितवन जिल्लामा जेईका संक्रमित फेला परेका छन् । स्वास्थ्य मन्त्रालयको तथ्यांक अनुसार मृत्युदर १५ वर्षमाथिका मानिसमा बढी छ । विशेषज्ञहरूका अनुसार खोप नलगाएका मानिसहरूमा जेई संक्रमणबाट मृत्यु र जटिलता हुने जोखिम धेरै हुन्छ । तर, स्वास्थ्य निकायसँग तत्कालै खोप दिने योजना छैन ।

स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको खोप शाखाका प्रमुख डाक्टर अभियान गौतमका अनुसार यो खोप बच्चाका लागि नियमित खोप कार्यक्रमअन्तर्गत दिइने भए पनि वयस्कको लागि उपलब्ध छैन । उनले भने, 'हामीसँग क्षमता र जनशक्ति छ, तर वयस्कका लागि अहिले खोप छैन । हामीसँग खोप किन्न बजेट छैन । विकास साझेदारहरूलाई पनि अनुरोध गरेका छौं, तर खोप दिने प्रतिबद्धता आएको छैन ।'

सन् २००५ मा नेपालमा जेईका कारण करिब २ हजार जनाको मृत्यु भएको थियो, जसमा अधिकांश तराईका बालबालिका थिए । तत्पश्चात २००६ सालदेखि नेपालमा जेईको खोप दिन सुरु गरियो । पहिलो चरणमा उच्च प्रभावित चार जिल्ला, बाँके, बर्दिया, दाङ र कैलालीका सबै मानिसलाई जेईको खोप दिइयो । पछि यो खोप कार्यक्रम अन्य १९ प्रभावित जिल्लामा विस्तार गरियो र १५ वर्षमुनिका बालबालिकालाई खोप लगाइयो । सरकारले सन् २०१५ मा जेईको खोपलाई नियमित खोप कार्यक्रमसँग एकीकृत गऱ्यो । तर अझै पनि हरेक वर्ष जेईका नियन्त्रण भएको छैन ।

जापानिज इन्सेफलाईटिसका लागि रगत नमूना सङ्कलन गरि प्रयोगशाला नतिजा पोजेटिभ देखिएको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौंले जनाएको छ। विरामीलाई नोवेल अस्पताल बिराटनगर लगिएकोमा रगत नमुना संकलन राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको रिपोर्टमा पोजेटिभ देखिएको माई नगरपालिका स्वास्थ्य शाखा प्रमुख जन स्वास्थ्य निरिक्षक पुष्कर कट्टेलले वताउनु भएको छ।

वहाँका अनुसार यो रोग लागेमा गम्भिर अवस्था १ प्रतिशत, मृत्युदर ३० प्रतिशत हुन्छ भने वाचेका धेरैमा दिर्घकालिन रुपमा स्नायुमा असर पर्दछ। यो कुनै लक्षण र चिन्ह नरही संक्रमण हुन सक्दछ। जापानिज इन्सेफ्लाइटिस एक भाइरसजन्य रोग हो, जुन क्युलेक्स जातको लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ। यो रोग विशेषगरी ग्रामीण र कृषि क्षेत्रका बासिन्दामा देखिने गर्छ । यो भाईरस धानबारी, फोहोर पानी जम्ने

❖ बाँकी तेस्रो पृष्ठमा

# झण्डै तीन हजार जनामा डेंगु सङ्क्रमण पुष्टि

झापा(प्रस) । एक हप्तामा १८० जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अन्तर्गतका किटजन्य शाखाका प्रमुख डा. गोकर्ण दाहालले एक हप्तामा १८० जनामा डेंगु सङ्क्रमण पुष्टि भएको जानकारी दिए ।

योसँगै गत पुसदेखि हालसम्म ७४ जिल्लाबाट डेंगु पुष्टि हुनेको संख्या दुई हजार ९५२ पुगेको छ । डा. दाहालका अनुसार हालसम्म डोल्पा, हुम्ला र मनाङ जिल्लामा डेङ्गु सङ्क्रमण पुष्टि भएको रिपोर्ट आएको छैन । डेङ्गु सङ्क्रमण सबैभन्दा बढी गण्डकी प्रदेशमा पुष्टि भएको छ। गण्डकी प्रदेशमा ८७७ जनामा डेङ्गु पुष्टि भएको छ । त्यसैगरी बागमतीमा ६१२, कोशीमा ५१८, लुम्बिनीमा ४६५, सुदूरपश्चिममा ३५०, कर्णालीमा ७७ र मधेशमा ५३ जनामा डेङ्गु पुष्टि भएको डा. दाहालले जानकारी दिए ।

चिकित्सकका अनुसार डेङ्गु रोग एडिज जातका लामखुट्टेको टोकाइबाट सर्दछ। एडिज जातका लामखुट्टे सफा पानी जम्मा भएको जुनसुकै भाँडोमा हुर्कन सक्दछ । सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार असाध्य शरीर दुख्ने, खाना खान मन नलाग्ने, पखाला लाग्ने डेङ्गुका प्रमुख लक्षण हुन्। त्यो बाहेक उच्च ज्वरो आउने, जोर्नी र मांसपेशी, आँखाको गेडी, टाउको दुख्नु, शरीरमा राता बिमिरा आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनेजस्ता लक्षण देखिन्छ ।

# मन्त्री कार्कीसहितको टोली पुग्यो पहिरो पीडितलाई भेट्न

लक्ष्मी उप्रेती

मेचीनगर । दश दिनअघिको अविरल वर्षाका कारण विस्थापित बनेका झापा मेचीनगर –६ काँकरभिट्टाका पहिरो पीडितहरूलाई कोशी प्रदेश सरकारका खानेपानी तथा उर्जा मन्त्री एकराज कार्कीसहितको टोलीले गाउँमै पुगेर भेटघाट गरेको छ ।

वर्षासँगै आएको बाढी र पहिरोमा परी घरमा क्षति पुग्दा स्थानीय ज्ञानबहादुर गिरी टंकबहादुर भारती यतिखेर विस्थापित हुने अवस्थामा पुगेका छन् ।मन्त्री कार्कीसहित संविधानसभा सदस्य रविन कोइराला, कोशी प्रदेश सभा सदस्य गोपाल तामाङ , मेचीनगर नगरपालिका नगर प्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मीना पोख्रेल उप्रेती, मेचीनगर नगरपालिका वडा नम्बर-६ का वडाध्यक्ष ललितबहादुर तामाङ, वडा सदस्यहरू ध्रुवकुमार



राई,भविन्द्र सुब्बा, जलस्रोत तथा सिँचाइ विभाग डिभिजन झापाका इञ्जिनियरहरू हरिकृष्ण आचार्य, विन्देश्वर साहलगायत प्राविधिकसहितको टोलीले पहिरो गएको ठाउँको स्थलगत निरीक्षण गर्दै पीडित परिवारलाई राहतलगायत थप क्षति हुन जोगाउन के गर्न सकिन्छ भन्ने विषयमा पहिरो पीडितहरुसँग कुराकानी गरेको थियो ।

मेचीनगर नगरपालिका प्रमुख बुढाथोकी र उपप्रमुख उप्रेतीले मन्त्री र सरोकारवालाई पीडितलाई आवास र भत्किएको तटबन्ध बनाउनका लागि ध्यानाकर्षण गराउँदैं हालसम्म भइरहेको पहलका विषयमा जानकारी गराएका थिए । नगर प्रमुख बुढाथोकी, उपप्रमुख उप्रेती र मेचीनगर वडा नम्बर ६ का वडाध्यक्ष ललितबहादुर तामाङले उच्च जोखिम र जोखिममा परेका ३५ घरको संरक्षणका लागि प्राविधिकले निकालेको करिव नौं करोड रुपैयाँको इस्टमेटबारे मन्त्री कार्कीसहितको प्राविधिक टोलीलाई जानकारी गराएका थिए । त्यसका लागि प्रदेश र संघीय सरकारसँग पहल भइरहेको नगरप्रमुख बुढाथोकीले जानकारी दिए ।

जिल्ला विपद् व्यवस्थापन समिति, नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिले समेत यस क्षेत्रको स्थलगत निरीक्षण गरेको र पहिरो प्रभावित क्षेत्रका पीडितहरुको अवस्था र बाढीले पुऱ्याएको क्षतिका विषयमा बैठकमा छलफल भएको उनीहरुले मन्त्रीसहितको टोलीलाई जानकारी गराएका थिए । उच्च जोखिममा रहेका स्थानीयलाई जतिबेला पनि पहिरो आएर घर भत्कने भएकाले तत्काल विकल्पका रुपमा सुरक्षित आवास व्यवस्था गरिने मेचीनगर नगरपालिकाले जनाएको छ ।

मन्त्री कार्कीले घरको प्रकृति हेर्दा तत्कालका लागि पानी तर्काउने काम बाहेक केहि गर्न नसकिने बताए । 'अहिले बजेट हालेर काम गर्न सकिने अवस्था छैन', मन्त्री कार्कीले भने-'बर्खा सकिएपछि सबैसँग सल्लाह गरेर बजेट राखेर दिर्घकालीनरुपमा यसको समाधान गर्ने बताए । तत्काललाई पानी रोक्न र थप क्षति हुनबाट जोगाउनका लागि नगरपालिका र अन्य क्षेत्रका सामाजिक संघ-संस्थाले त्रिपालको माध्यमबाट काम गरिरहेको बताइएको छ ।

संविधानसभा सदस्य रविन कोइरालाका अनुसार तत्काललाई पानी परेर असर

❖ बाँकी अन्तिम पृष्ठमा

# विदेशका आफन्तको त्रास देखाएर करिव ३ लाख ठगी



झापा(प्रस) । घटना नं १- कतारमा रहेका श्रीमान आफ्नो कब्जामा रहेको र उसलाई प्रहरीले पक्राउ गरी कार्वाही गर्नसक्ने डर देखाउँदै झापामा रहेकी श्रीमतीलाई अज्ञात व्यक्तिबाट म्यासेज आयो । ५ लाख रुपैयाँ दिनु नत्र तपाईको श्रीमानको ज्यान खतरामा भनेपछि श्रीमती आतिइन् । श्रीमानलाई फोन गर्दा तत्काल नलागेपछि डराउँदै उनले ठगले दिएको खातामा २ लाख ३७ हजार रुपैयाँ जम्मा गरिन् । पछि बुझ्दा उनका श्रीमानलाई त्यस्तो केही पनि भएको रहेनछ ।

घटना नं २- खाडीमै रहेका सालोको ज्यान खतरामा रहेको भन्दै झापा निवासी उनका भिनाजुलाई त्यसरी नै अज्ञात व्यक्तिबाट म्यासेज आयो । उनीसंग ८० हजार भारु मागिएको थियो । सालोलाई जोगाउन भन्दै भिनाजुले ४८ हजार रुपैयाँ खातामा हालिदिए । पछि थाहा भयो कि उनी पनि ठगीमा परेछन् ।

यी केही उदाहरण मात्र हुन् । झापामा यस किसिमको ठगी बढ्दै भएपछि प्रहरीले सार्वजनिक सूचना जारी गरी आमसर्वसाधारणलाई सचेत गराएको छ । रोजगार तथा अन्य कामको सिलसिलामा विदेशमा रहेकाहरुको परिवार, आफन्त र साथीभाइहरुलाई ह्वाट्सएपलगायतका बिभिन्न सामाजिक सञ्जाल, फोन तथा म्यासेजमार्फत सम्पर्क गरी विदेशमा रहेका तपाईको आफन्त आफ्नो कब्जामा रहेकोले पैसा नदिए ज्यान लिने धम्की दिने, त्यस्तै दुर्घटनामा परेकाले तत्काल उपचार गर्न पैसा चाहिने वा प्रहरीले पक्राउ गरी जेल हाल्न लागेकोले छुटाउन पैसा चाहिने जस्ता त्रास देखाएर ठगी गर्ने क्रम बढेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले बताए । उनले त्यस किसिमको ठगीको एकपछि अर्को गर्दै उजुरी पर्दै गएको बताउँदै

बिभिन्न ठगी गर्ने गिरोहहरु सक्रिय रहेकाले सजग रहन सबैलाई अनुरोध गरेका छन् । यस्ता किसिमका फोन तथा म्यासेज प्राप्त भएमा प्रहरी कन्ट्रोल रुम १०० मा डायल गरी जानकारी दिन वा नजिकको प्रहरी कार्यालयमा सूचित गर्न उनले अनुरोध गरेका छन् । यसरी ठगी गरेका घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको उनले जानकारी दिएका छन् ।

# अखिल नेपाल खेलकुद महासंघ झापाको अध्यक्षमा आले



बिर्तामोड(प्रस) । अखिल नेपाल खेलकुद महासंघ झापाको अध्यक्षमा सुरेश आले चयन भएका छन् । महासंघ झापाको दोस्रो जिल्ला सम्मेलनबाट आलेको नेतृत्वमा समिति गठन भएको हो ।

बिहीबार बिर्तामोडमा सम्पन्न सम्मेलनबाट आलेको नेतृत्वमा ३१ सदस्यीय समिति चयन गरिएको हो । समितिको उपाध्यक्षत्रयमा हरि बस्नेत, प्रवेशकुमार श्रेष्ठ (राजु) र पंकज शेर्पा चयन भएका छन् । सचिवमा सुरेन्द्र गिरी, सहसचिवमा पुरन भण्डारी र कोषाध्यक्षमा गंगा तुम्बापो चयन भएका छन् ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा झापा इञ्चार्ज रञ्जित तामाङले युवाले खेलकुदमार्फत राजनीतिमा जोडिनुपर्ने बताए । नेपाललाई विश्वमा चिनाउने विभिन्न विधामध्ये खेलकुद पनि एक भएको बताउँदै यसको विकासमा राज्य लाग्नुपर्ने बताए । तामाङले खेलकुद स्वास्थ्यका लागि मात्र नभइ यसले अनुशासनलाई पनि सँगै अगाडी बढाउने बताए । मुलुकको विकासका लागि युवाशक्ति एकजुट हुनुपर्नेमा तामाङले जोड दिए ।

कार्यक्रमका विशिष्ट अतिथि नेकपा माओवादी केन्द्र झापाका संयोजक राजु आचार्य (अग्नी)ले सबै युवाहरु खेलकुदमा जोडिएर अगाडी बढ्नुपर्ने बताए । कार्यक्रममा नेकपा माओवादी केन्द्रका प्रदेश सदस्य तथा बिर्तामोड इञ्चार्ज कुवेर श्रेष्ठ (अरुण), प्रदेश सदस्य डिल्ली घिमिरे (हिक्मत), अखिल नेपाल खेलकुद महासंघका केन्द्रीय सदस्य तथा झापा इञ्चार्ज मदन खड्कालगायत नेता कार्यकताहरु सहभागी थिए । निवर्तमान अध्यक्ष राजु दर्नालको अध्यक्षतामा सम्पन्न कार्यक्रम वर्तमान सचिव सुरेन्द्र गिरीले सञ्चालन गरेका थिए ।

# बाढीपहिरोका कारण एक दर्जनबढी सडक अवरुद्ध

झापा(प्रस) ।केही दिनदेखिको लगातार वर्षाले आएको बाढीपहिरोका कारण पूर्वमा ठूलो जनधनको क्षति भएको छ ।

झापा र इलाममा बाढीपहिरोका कारण दुईजनाको मृत्यु भएको छ भने सडक र पुल भत्किएर आवागमन अवरुद्ध भएको छ । घरनजिकै रहेको भालु खोलामा डुबेर झापा दमकका ११ वर्षीय बालकको मृत्यु भएको छ । बुधवार बिहान ७ बजे दमक वडा नं.१० बस्ने इन्द्र प्रसाईका छोरा ११ वर्षीय धर्मेन्द्र प्रसाई र सोही ठाउँ बस्ने कृष्णप्रसाद ढकालको छोरा ११ वर्षकै भुपेन्द्र ढकाल घरदेखि अन्दाजी २०० मिटर उत्तरमा रहेको भालु खोलामा पौडी खेल्न गएका थिए । त्यसक्रममा धर्मेन्द्रलाई खोलाले ६०० मिटर परसम्म बगाइरहेको अवस्थामा स्थानीयले देखेर उद्धार गरेका थिए । बालकलाई खोलाबाट निकाली उपचारको लागि निम्स अस्पताल दमक पठाएकोमा अस्पतालमा पुर्याउनसाथ डाक्टरले मृत घोषणा गरेका थिए । उता इलाममा पहिरोले पुरिएर एकजनाको मृत्यु भएको छ । बुधवार मध्यान्ह रोङ गाउँपालिका ४ मानाबुङ बस्ने अन्दाजी वर्ष ६० का बिरबहादुर राई (कान कम सुन्ने अविवाहित) घरबाट अन्दाजी ३०० मिटर पश्चिमस्थित बाटो पैदल हिडिरहेको अवस्थामा खोल्सामा एक्कासि लेदोसहित पहिरो आई उनलाई पुरेको थियो । पहिरोले पुरिएर सोही स्थानमा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । त्यस्तै इलाममा वर्षाका कारण घर भत्किँदा आमाछोरी घाइते भएका छन् । बुधवार बिहान ७.३० बजे इलाम नगरपालिका -९ गोलबस्ती बस्ने राकेश थापा मगरको टिनको छानो र इटा, माटोले बनेको दुईतले घर जीर्ण भई वर्षाको कारण भत्किएको हो । घरको दक्षिणतर्फको आधा भाग भत्किँदा सूर्योदय नगरपालिका -५ समालबुङ घर भई सोही घरमा डेरा गरी बस्ने सुकबिर लिम्बूकी श्रीमती ३५ वर्षीया भावना सुब्बा र उनकी छोरी १४ वर्षीया अनुस्का सुब्बा घाइते भएका छन् ।जिल्ला अस्पताल



इलाममा उपचारपश्चात् दुवै जना डिस्चार्ज भएको प्रहरीले जनाएको छ ।

बाढीपहिरोका कारण झापा, इलाम र पाँचथरका विभिन्न सडकहरु अवरुद्ध भएका छन् ।

**झापामा बाढीले गरेको क्षति**

१)दुई वर्षअघि भासिएको अर्जुनधारा वडा नं ७ स्थित बिरिङ खोलाको क्षतिग्रस्त पुलको अन्दाजी २०-२५ मिटर भाग बगाएको । शनिश्चरेबाट मिलडाँडातर्फको बैकल्पिक बाटो प्रयोगमा ल्याई सवारी साधन आवागमन भइरहेको ।

२)बाह्रदशी -३ को कोनावारीको अधुवा खोला पुलमा फोहोर थुप्रिँदा पानीको बहाव अवरुद्ध भई पुल बगाउने खतरा बढेको । फोहोर सफा गरी पानीको बहावलाई सुचारु गराएको ।

३) मेचीनगर नगरपालिका- ४ को प्रकृति पार्कमा मेची खोलाको बाढीले डुबान र कटान गरी क्षति गरेको ।

**इलाममा अवरुद्ध रहेका सडकहरु**

१) इलाम नगरपालिका -११ सोयाङस्थित गोलाखर्कबाट बिर्तामोड निस्किने केचना-कंचनजंघा फास्ट ट्र्याक सडकखण्डमा पहिरो झरी बाटो अवरुद्ध ।

२) इलाम माई नगरपालिका-९ सोक्तिमस्थित इलाम-बिर्तामोड भित्री सडकखण्डमा रुखसहित पहिरो झरेर बाटो अवरुद्ध ।

३) इलाम फाकफोकथुम -१ पंचेवास्थित आमचौकदेखि घुर्मिसे पंचमी हुँदै राँके- इलाम आउने भित्री कच्ची सडकमा लेदोसहितको पहिरो झरि पूर्णरुपमा बाटो अबरुद्ध ।

४) इलाम देउमाई -१ मैदानेस्थित राँके-रबि भित्री सडकखण्डमा लेदोसहितको पहिरो झरेर बाटो पूर्णरुपमा अबरुद्ध ।

**पाँचथरमा अवरुद्ध रहेका राजमार्ग तथा सडकहरु**

१) फालेलुङ गा.पा.५ लुदिनटार स्थित फिदिम फालोट सडकखण्डमा अवरोध रहेको।

२) मिक्लाजुङ गा.पा.३ थामथुमस्थित भित्री सडकखण्ड अवरोध रहेको।

३) मिक्लाजुङ गा.पा.३ देउरालीस्थित भित्री सडकखण्डमा अवरोध ।

४) फिदिम न.पा.-४ र हिलिहाङ गा.पा. ७ को संगमस्थल हेवाखोलामा अवरोध ।

५) याङवरक गा.पा. ३ रिजाल भीरमा पहिरो झरी मध्यपहाडी लोकमार्ग पूर्णरूपमा अवरोध ।

६) फिदिम न.पा. १ र फिदिम न.पा.११ को संगमस्थल फेमेखोलामा पूर्णरूपमा अवरोध ।

७) फालेलुङ गा.पा. ३ र ४ को सिमानामा घुमाउनेटारस्थित हेवाखोलामा पूर्णरूपमा अवरोध ।

८) फिदिम न.पा.८ तमाखेस्थित रानीटारदेखि पौवासार्ताप जाने भित्री सडकखण्ड पूर्णरूपमा अवरोध ।

## पत्रकारलाई ...

क्षेत्रमा काम गर्ने श्रमिक र वैदेशिक रोजगारदाता पनि यो कोषमा आवद्ध हुन सक्ने भट्टले जानकारी दिए ।

यस्तै, आन्तरिक राजश्व कार्यालय दमकका प्रमुख यादवले लेखा व्यवस्थापन, कर प्रणालीका बारेमा सहजीकरण गरेका थिए । उनले कारोवारका आधारमा कर तिर्नुपर्नु, समयमा कर नबुझाउँदा जरिवाना बुझाउनुपर्ने, बिलविजकको व्यवस्थाका बारेमा सहभागीहरुलाई जानकारी दिएका थिए । सहजकर्ताहरुसँग मिडिया सञ्चालक, पत्रकारहरुले जिज्ञासा समेत राखेका थिए । कार्यक्रमका प्रमुख अतिथि प्रेस चौतारी नेपालका केन्द्रीय सचिव बिक्रम लुईटेलले सामाजिक सुरक्षा कोषमा आबद्ध भएपछि श्रमिकलाई भविष्यमा आइपर्ने संकटको सामना गर्न सहज हुने विश्वास व्यक्त गरे । योगदानमा आधारित सामाजिक सुरक्षा र सुविधा समेत प्राप्त हुने भएकाले निम्न आय भएका व्यक्तिका लागि बलियो टेवा पुग्ने उनको भनाई थियो । कोषमा आवद्ध हुन आग्रह गर्दै लुइटेलले आफ्नै सुरक्षाका लागि अनिवार्य रुपमा जोडिन सुझाव समेत दिए ।प्रेस चौतारी नेपाल झापाका अध्यक्ष प्रदीप परियारको अध्यक्षतामा भएको कार्यक्रममा चौतारीका केन्द्रीय सदस्य कोशी प्रदेशका सहइञ्चार्ज गोपाल काफ्ले, केन्द्रीय सदस्य विष्णु पोखरेल, अग्रज पत्रकार गञ्जबहादुर दाहाल, हिमशिखर टिभीका सञ्चालक ध्रुव न्यौपाने, फाँट इञ्चार्ज मनकुमार गदाल, प्रदेश उपाध्यक्ष युवराज विवश, पत्रकार महासंघ झापाका उपाध्यक्ष सुब्रत न्यौपाने, सहसचिव रमेश तिवारी, प्रेस युनियन झापाका सभापति गिरीराज भट्टराईलगायतको सहभागिता रहेको उपाध्यक्ष राजु पोखरेलले जानकारी दिए ।

## बिमालेख हरायो

भद्रपुर निवासी हरिलाल लिम्बूको नाममा रहेको एल.आई.सि. ६००००८७३१ नम्बरको पोलिसी पेपर घरबाट भद्रपुर जानेक्रममा २०८२/०३/१४ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क : हरिलाल लिम्बु**
**ठेगाना: -भद्रपुर -४,झापा**
**मो : ९८१३०५७६०७**


## डेंगी रोगबाट आफू बचौं अरुलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान सुरु गरेको हुँदा सबै जना अनिवार्य सहभागी बनौं ।

**डेंगी के हो ?**

डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरु र ढाड दुख्ने, शरीरमा बिबिरा आउने, रिंगटा लाग्ने, वाकवाकी, वान्ता हुने, नराम्रो सँग पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**

- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरु अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जम्मिहालेको खाल्डामा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरुद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश


# कचनकवलको सडकमा 'यमराजको पासो'

झापा(प्रस) । चारआली - केचना सडकअन्तर्गत कचनकवल गाउँपालिकाको नयाँ पेट्रोल पम्प सुक्नाडिघी अगाडि रहेको खाडल स्थानीयका लागि दुर्घटनाको स्थायी खतरा बनेको छ।

सडक निर्माणका क्रममा कल्भर्ट निर्माणको बेला खाडल छोडिएको थियो। पछि मर्मत भएपनि सडकको सतहभन्दा धेरै गहिरो बनाइएकाले पटक-पटक दुर्घटना भइरहेका छन्।

यो सडक मुख्य राजमार्गको हिस्सा भए पनि सुनसान क्षेत्र भएकाले सवारीको गति प्रायः उच्च हुन्छ। तर खाडलमा अचानक परेपछि गम्भीर दुर्घटना हुने गरेको छ।



"मुख्य राजमार्ग जस्तो सडकमा यस्तो खाडल बनाउनु मृत्युको पासो थाप्नु जस्तै हो," एक स्थानीयले आक्रोश व्यक्त गर्दै भने, "चिल्लो सडकमा अचानक खाल्डो आउने तथा कुनै प्रकारको खतराको चिन्ह नहुँदा चालकले नियन्त्रण गुमाएर दुर्घटना हुने गरेको छ।"

गत हप्तामात्रै एउटा मोटरसाइकल दुर्घटनामा पछाडि बसेका यात्रीको टाउको फुटेर उनलाई बीएण्डसी अस्पताल पुर्याउनुपरेको थियो। गत वर्ष फर्साडाँगीका एक व्यक्ति पनि यही खाडलमा परेर दुर्घटनामा परेका थिए।

स्थानीयको भनाइमा, सडक विभागले गम्भीरता नलिएसम्म र कसैको ज्यान नगएसम्म यो खाडल मर्मत नहुने जस्तो देखिन्छ।

# महिला चिया श्रमिकसंग वीरता लेडी जेसीजको तीज

झापा(प्रस) । वीरता लेडी जेसीजले महिला चिया श्रमिकसंग आत्मीयता साट्दै मंगलवार तीज पर्व मनाएको छ । नेपालको पहिलो निजी चिया बगान भद्रपुरस्थित बुधकरण टी इस्टेटका महिला श्रमिकहरुसंग रमाइलो, माया र आत्मीयता साटासाट गर्दै तीज पर्व मनाएको वीरता लेडी जेसीजकी अध्यक्ष निशा शाक्यले बताइन् ।कार्यक्रममा महिला श्रमिकहरुलाई तीजको उपहारस्वरूप सारी तथा चुरा पोते वितरण गरिनुका साथै दर खुवाइएको थियो । अन्तर्राष्ट्रिय युवा दिवस २०२५ को अवसरमा विश्वव्यापी दिगो विकास लक्ष्यहरूलाई स्थानीय आवश्यकतासँग जोड्ने उद्देश्यका साथ तीज मिलन कार्यक्रमलाई अलिक फरक तरिकाले मनाइएको उनको भनाई छ । बुधकरण टी इस्टेटका राजेन्द्र सिंह राजवंशीको प्रमुख आतिथ्य तथा वीरता लेडी जेसीजकी अध्यक्ष निशा शाक्यको अध्यक्षतामा भएको कार्यक्रमको उद्धेश्यमाथि निवर्तमान अध्यक्ष मेनुका ओलीले प्रकाश पारेकी थिइन् ।

कार्यक्रममा अखिल नेपाल चिया मजदुर संघकी अध्यक्ष सिता सापकोटा , अखिल नेपाल ट्रेड युनियन महासंघका उपाध्यक्ष भुपाल सापकोटा , वीरता लेडी जेसीज पूर्व अध्यक्ष क्लवका अध्यक्ष मन्जु पोखेल सिटौला ,संस्थापक अध्यक्ष शारदा ढकाल रिजाललगायतले मन्तव्य राखेका थिए । कार्यक्रम संयोजक कार्यकारिणी उपाध्यक्ष मुना ढुंगेलले स्वागत मन्तव्य राखेको कार्यक्रममा कानुनी सल्लाहकार अस्मिता राई कुरुम्बाङले आस्था वाचन र जनसम्पर्क अधिकारी पारु श्रेष्ठले मिसन भिजन वाचन गरेका थिए । कार्यक्रमको संचालन महासचिव प्रभा रायले गरेकी थिइन् । कार्यक्रममा पूर्व अध्यक्षहरु संगिता गिरी, संगिता चिमरिया ,सरु भुर्तेल खनाल ,मानार्थ सदस्य अनिता पुरी , आजीवन सदस्य शिला ढकाल ,कार्यसमिति तथा सदस्यहरुको उपस्थिति रहेको थियो ।

महिला चिया श्रमिकहरुलाई वितरण गरेको सारी पुजा कलेक्सन र चुरा पोते अप्सरा चुरा पसलले सौजन्य गरेका थिए । वीरता लेडी जेसीजले पुजा कलेक्सनका प्रोप्राइटर नविन अग्रवाल तथा श्रीमती पुजा अग्रवाल, साथै अप्सरा चुरा पसलका प्रोप्राइटर सुरज शाह तथा श्रीमती अन्जली शाहलाई विशेष धन्यवाद व्यक्त गरेको छ ।

## मन्त्री ...

गर्ने भएकाले पानी जम्न दिनु हुँदैन । रोक्नु पर्छ । घरलाई छुनु हुँदैन जोखिम छ । दुई महिनापछि राज्यले जनताको तटबन्धबाट काम गर्नु पर्छ ।

प्रदेश सभा सदस्य गोपाल तामाङले बर्खा सकेपछि बजेटको व्यवस्थापन गरेर काम अघि बढाउने बताए । साउन १८ गते दिउँसो १ वजे वर्षासँगै आएको पहिरोले मेची टोल विकास संस्थाका भारती र गिरीको घरको पछाडी पटिको भाग भत्काएको छ । गिरीको दुई तलाको जस्ताको छाना भएको घरको भान्सा र पर्खाल भत्किएको छ । प्रहरीले पहिरोबाट करीब २० लाख रुपैयाँ बराबरको क्षति पुगेको प्रारम्भिक प्रतिवेदन तयार गरेको छ । काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका उपाध्यक्ष गोबिन्द गिरी, समाजसेवी केवलराम राईसहितको टोलीले पहिरो पीडित ज्ञानबहादुर गिरी टंकबहादुर भारतीलाई भेटेर पहिरोले क्षति पुर्याएको क्षेत्रको स्थलगत अवलोकन गरेको थियो । यता पहिरो पीडितहरुले भने आकाश कालो हुनसाथ पहिरोका कारण थप क्षति हुने डरले रातभर निन्द्रा नलाग्ने टोलीलाई पीडा सुनाए । पहिरोको अवस्था हेर्दा डरलाग्दो र गाउँ नै पूरै जोखिममा रहेकाले प्रभावित क्षेत्रका मानिसलाई अन्यत्र स्थानान्तरण गर्नुपर्ने मेची टोल विकास संस्थाका अध्यक्ष दिलप्रसाद राईको भनाई छ ।

## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**प्रकाशित मिति २०८२/०४/३०**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसँग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तर ताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासँग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासँग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई एवं **नेपाल सरकार, अध्यागमन विभागमा पासपोर्ट जफत गर्ने कार्य** गर्न समेत लेखि पठाईनेछ । कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुलउपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सुचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल:**

| **शाखा कार्यालय : दमक** | **कर्जा शिर्षक : व्यक्तिगत सवारी कर्जा** |
|---|---|
| **ऋणी र व्यक्तिगत जमानीकर्ताको नाम थर तथा तीन पुस्ते विवरण** | |
| **ऋणी** : बखत सिंह वोहोराको नाती, नैन सिंह वोहोराको छोरा, नागरिकता बमोजिम झापा जिल्ला, तोपगाछी गा.वि.स. वडा नं ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कमल गा.पा. वडा नं ३ बस्ने मिति २०५३/०७/२० मा जिल्ला प्रशासन कार्यालय, ई.प्र. शाखा दमक झापाबाट जारी गरिएको ना.प्र.नं. ३४५० भएको बर्ष ४७ को **तारा नाथ वोहोरा** । | |
| **धितोमा सुरक्षणको विवरण** | **व्यक्तिगत जमानतकर्ता** |
| Company: Nissan Motors, India<br>Model: Terrano AMT<br>Engine No.: E027106<br>Manufacture year: 2018 AD<br>Registration No.: Ba 21 Cha 1300<br>Fuel: Diesel<br>Colour: Black | नाम : सुनिता गिरी (वोहोरा)<br>बाबु : विष्णु कुमार गिरी<br>पति : तारानाथ वोहोरा<br>ना.प्र.नं : ०४२०४२/३४२२ जारी मिति र जिल्ला: २०६९/०५/०६ र झापा<br>ठेगाना : झापा जिल्ला, तोपगाछी गा.वि.स वडा नं ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, कमल गा.पा वडा नं ३ बस्ने। |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# चिकित्सक पलायन रोक

मुटु रोग विशेषज्ञ चिकित्सक रामेश कोइरालाले सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रबाट राजीनामा दिएर अमेरिका गएपछि त्यस घटनाले धेरैलाई छोएको छ । काम गर्ने अनुकूल वातावरण नभएको भन्दै चिकित्सकहरू विदेश पलायन हुने क्रम बढिरहेको छ । सरकारले स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूमा राजनीतिक भागबन्डाबाट कार्यकारी नेतृत्व छान्ने गलत अभ्यासलाई निरन्तरता दिइरहेको छ। मंगलबार मात्रै पोखरा, पाटन, बीपी कोइराला र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सत्तारूढ दल कांग्रेस र एमालेको भागबन्डामा उपकुलपति नियुक्ति गरिएको छ ।

यसै पनि नेपालमा दर्ता हुनेमध्ये ७४ प्रतिशत चिकित्सक आकर्षक रोजगारी, वृत्ति विकास र अध्ययनका लागि विदेश पलायन हुने गरेको सरकारी तथ्यांक छ । त्यसमा भर्खरै अध्ययन पूरा गरेकादेखि उपचार अभ्यासमा पोख्त चिकित्सकसमेत पर्छन् । नेपाल मेडिकल काउन्सिलमा सन् २०२० देखि २०२३ सम्म ८ हजार ६ सय २४ चिकित्सक दर्ता भएका थिए भने यही बीचमा ६ हजार ३ सय ६८ जनाले विदेश जान असल चारित्रिक प्रमाणपत्र (गुड स्ट्यान्डिङ सर्टिफिकेट) लिएका थिए ।

सन् २०२३ मा २ हजार ३ सय १८ चिकित्सकले विदेश जाने प्रमाणपत्र लिएको काउन्सिलको तथ्यांक छ । यो वर्ष २ हजार ६ सय ९२ नयाँ चिकित्सक काउन्सिलमा दर्ता भएका थिए । त्यसअघि २०२२ मा २ हजार ८५ नयाँ चिकित्सक दर्ता भएका थिए भने १ हजार ९ सय ५४ चिकित्सकले विदेश जान प्रमाणपत्र लिएका थिए । यस्तै २०२१ मा १ हजार ७ सय १६ नयाँ चिकित्सक दर्ता भएका थिए । त्यो वर्ष १ हजार ३ सय २७ ले विदेश जान प्रमाणपत्र लिए । २०२० मा २ हजार १ सय ३१ नयाँ चिकित्सक दर्ता भएको र ७ सय ६९ चिकित्सकले विदेश जान प्रमाणपत्र लिएको तथ्यांक छ ।

नेपालमा करिब ३५ हजार चिकित्सक दर्ता छन् । २०२० यता वार्षिक २ हजारदेखि साढे २ हजारसम्म चिकित्सक काउन्सिलमा दर्ता हुने गरेका छन् । २० भन्दा बढी मुलुकमा नेपाली चिकित्सक गइरहेको काउन्सिलको प्रतिवेदनमा उल्लेख छ । सरकार यसरी भागवण्डामै लागिरहने दक्ष जनशक्ति नेपालमा नरहने देखिएको छ । कुनै दिन नेपालमा दक्ष जनशक्तिको सट्टा झोलेहरु मात्र रहने अबस्था आउन सक्छ ।




# ज्ञान र प्रविधिमा रूपान्तरण



• डा. मिथलेसकुमार झा

२१ औँ शताब्दी ज्ञान, प्रविधि र नवप्रवर्तनको युग हो । संसार तीव्र गतिमा बदलिँदै गएको समयमा व्यक्तिको सोच, व्यवहार र सिपमा पनि गहिरो परिवर्तन आवश्यक छ । आजका नेपालका धेरै विद्यालय अझै पनि परम्परागत पठनपाठन प्रणालीमा सीमित छन् । जहाँ विद्यार्थी केवल पाठ्यपुस्तकका ज्ञान सिक्छन्, रटन्ते अभ्यास गर्छन् र परीक्षामा राम्रो अङ्क ल्याउनलाई मात्र तयार हुन्छन् । यस्तो शिक्षाले विद्यार्थीलाई सिर्जनात्मक सोच, समस्या समाधान गर्ने क्षमता, नवप्रवर्तनशीलता र सामाजिक-भावनात्मक साक्षरतामा अभाव पुऱ्याउँछ । यसले भविष्यका चुनौती सामना गर्न सक्ने नागरिक तयार गर्न सक्दैन । त्यसैले अबको शिक्षा प्रणालीमा आमूल परिवर्तन आवश्यक छ, जसले विद्यार्थीलाई केवल ज्ञानको सञ्चयमा सीमित नराखी जीवनोपयोगी सिप, अनुभव र व्यावहारिक ज्ञान प्रदान गरोस् ।

शिक्षा प्रणालीलाई परीक्षा केन्द्रितबाट जीवन केन्द्रित, शिक्षक केन्द्रितबाट विद्यार्थी केन्द्रित र विषय केन्द्रितबाट अनुभव केन्द्रित बनाउनु आवश्यक छ । यो परिवर्तनले मात्र विद्यार्थीलाई वर्तमान र भविष्यका विविध चुनौतीका लागि तयार पार्न सकिन्छ । विद्यालयले विद्यार्थीको रुचि, क्षमता र सम्भावनालाई पहिचान गर्ने वातावरण बनाउनु पर्छ । नेतृत्व विकास, अनुसन्धान परियोजना, क्लब गतिविधि, सामाजिक उत्तरदायित्वसम्बन्धी कार्यक्रममार्फत विद्यार्थीलाई बहुआयामिक सोच र दीर्घकालीन लक्ष्य निर्धारण गर्न उत्प्रेरित गरिनु पर्छ । विद्यार्थीले जीवनमा प्रयोग गर्न सक्ने सिप-जस्तै सार्वजनिक बोलचाल, उद्यमशीलता, अनुसन्धान र परियोजना आधारित अभ्याससहित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विद्यार्थी विनिमय कार्यक्रम पनि आवश्यक छन् । आत्मचिन्तन, स्वमूल्याङ्कन र व्यक्तिगत लक्ष्य निर्धारणमा आधारित स्वअनुशासन र दीर्घकालीन सिकाइ बानी विकास गर्न परामर्श र शिक्षक विद्यार्थी संवादलाई पनि बलियो बनाउनु पर्छ । व्यावहारिक शिक्षामा जोड दिँदै केवल सैद्धान्तिक ज्ञान होइन तर वास्तविक जीवनमा लागु गर्न सकिने सिप पनि विद्यार्थीलाई सिकाउनु पर्छ । प्रयोगात्मक अभ्यास, केस स्टडी, अनुसन्धान आधारित शिक्षाले यथार्थ जीवनसँग जोडिएको सिकाइ सम्भव बनाउँछ । इनोभेसन ल्याब, फिल्ड वर्क, रोबोटिक्स, एआई र स्टिम कार्यक्रम कक्षा ५ देखि सुरु गर्नु पर्छ भने शिक्षकलाई डिजिटल प्रविधिमा तालिम दिन आवश्यक छ ।

आजका विश्वका जटिल र बहुआयामिक समस्या समाधान गर्न अन्तरविषयगत सोच विकास गर्नुपर्ने आवश्यकता बढेको छ । त्यसैले पाठ्यक्रममा विज्ञान, प्रविधि, गणित, समाजशास्त्र, भाषा र कला विषयबिचको अन्तर्सम्बन्ध झल्काउने परियोजना र विषय शिक्षकबिच समन्वययुक्त योजना लागु गर्नु पर्छ । परियोजना आधारित अध्ययन, आलोचनात्मक सोच र नवप्रवर्तनलाई प्राथमिकता दिँदै शिक्षालाई पुनर्संरचना गर्नु पर्छ । प्रत्येक शिक्षकले वार्षिक कम्तीमा २४ घण्टा व्यावसायिक विकास तालिम अनिवार्य रूपमा लिनु पर्छ । विद्यार्थीको मानसिक सन्तुलनका लागि सामाजिक-भावनात्मक सिकाइलाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाउन आवश्यक छ । विद्यालय शिक्षा स्वतन्त्र सोच, अनुसन्धान र अन्वेषणमा आधारित हुनु पर्छ जसले विद्यार्थीलाई जिम्मेवार नागरिक बनाउँछ । यो परिवर्तन शिक्षण संस्था, शिक्षक, अभिभावक र नीतिनिर्माताबिच साझा प्रतिबद्धताबाट मात्र सम्भव हुन्छ । अहिले यी सुधारका कदम चालियो भने नेपाल वैचारिक, नवप्रवर्तनशील र विश्वस्तरमा प्रतिस्पर्धी राष्ट्र बन्न सक्छ ।

नेपालको शिक्षामा गुणस्तर वृद्धि र पहुँच विस्तार सँगसँगै विद्यार्थी केन्द्रित सिकाइ र व्यावहारिक शिक्षामा जोड दिनुपर्ने समय आएको छ । त्यसका लागि शिक्षक प्रशिक्षणलाई नियमित र गुणस्तरीय बनाउनु पर्छ । प्राविधिक सुविधा र पूर्वाधार सुधारले विद्यार्थीको सिकाइ अनुभवलाई समृद्ध बनाउँछ । साथै राष्ट्रिय स्तरमा शिक्षा नीतिहरूलाई प्रयोगात्मक र परियोजना आधारित शिक्षातर्फ झुकाउने आवश्यकता छ । विद्यालयले विद्यार्थीलाई आफ्ना रुचि अनुसार विषय छनोट गर्ने र वास्तविक जीवनका चुनौतीसँग परिचित हुने अवसर दिनु पर्छ । सामाजिक उत्तरदायित्व र समुदायमा सक्रिय सहभागिता शिक्षालाई जीवनसँग जोड्ने महत्वपूर्ण माध्यम हो । विद्यार्थीले जीवनका विविध पक्षमा सफल हुन आत्मविश्वास र नेतृत्व विकास आवश्यक छ । यसका लागि विद्यालयले बहुआयामिक कार्यक्रम सञ्चालन गर्नु पर्छ, जसले विद्यार्थीको समग्र विकासमा योगदान पुऱ्याउँछ ।

डिजाइन थिङ्किङ, क्रिटिकल थिङ्किङ, एआई, नेतृत्व र प्रभावकारी सञ्चार जस्ता सिप अहिलेको विद्यालय शिक्षामा अपरिहार्य बन्दै गएका छन्, किनभने यी सिपले विद्यार्थीलाई समस्याको गहिरो विश्लेषण गर्न, प्रयोगकर्ता वा परिस्थितिको आवश्यकता बुझेर नवप्रवर्तनशील समाधान निकाल्न, कृत्रिम बुद्धिमत्ता जस्ता आधुनिक प्रविधिहरूको सही प्रयोग गर्न, समूहमा नेतृत्व लिन र स्पष्ट तथा प्रभावकारी ढङ्गले विचार अभिव्यक्त गर्न सक्षम बनाउँछन् । यस्तो शिक्षा प्रणालीले विद्यार्थीलाई केवल पाठ्यपुस्तकको ज्ञानमा सीमित नराखी जीवनमा आवश्यक व्यावहारिक क्षमता, भावनात्मक बुद्धिमत्ता र बहुआयामिक सोच प्रदान गर्छ, जसले उनीहरूलाई भविष्यको जटिल, प्रविधिमुखी र प्रतिस्पर्धी संसारमा सफल हुन तयार पार्छ ।

मूल्याङ्कन प्रणालीलाई पनि पुनः संरचना गर्नु पर्छ- सिर्जनशीलता, अनुसन्धान क्षमता, टिमवर्क, समस्या समाधान र जीवन सिपमा आधारित पोर्टफोलियो मूल्याङ्कन प्रणाली लागु गर्दै, केवल वार्षिक परीक्षामा अङ्कका आधारमा विद्यार्थीको योग्यता मापन गर्ने अभ्यास समाप्त गर्नु पर्छ । पूर्वाधारका दृष्टिले, प्रत्येक विद्यालयमा आधुनिक प्रयोगशाला, अद्यावधिक पुस्तकालय, डिजिटल स्रोत केन्द्र, नवप्रवर्तन प्रयोगशाला र हरित (एको फ्रेन्ड् ली) क्याम्पस निर्माण प्राथमिकता हुनु पर्छ, किनभने वातावरणमैत्री परिसरले विद्यार्थीलाई वातावरणीय सचेतना र दिगो विकासका मूल्यहरू पनि सिकाउँछ । सामाजिक-भावनात्मक सिकाइलाई पाठ्यक्रममा अनिवार्य रूपमा समावेश गर्नु पर्छ, जसले विद्यार्थीको मानसिक स्वास्थ्य, आत्मविश्वास र सहानुभूति विकासमा सहयोग पुऱ्याउँछ ।

नेपालका ग्रामीण क्षेत्रका विद्यालयमा पहुँच र गुणस्तरको ठुलो अन्तर देखिन्छ, त्यसैले सरकारले र निजी क्षेत्रले साझेदारीमा डिजिटल सिकाइ, मोबाइल लर्निङ युनिट, र शिक्षक अदला-बदली कार्यक्रम ल्याएर ग्रामीण-सहरी शिक्षा खाडल घटाउनु पर्छ । शिक्षकको भूमिका अब केवल पढाउने नभई सिकाइको सहसञ्चालकको हुनु पर्छ, जसका लागि उनीहरूलाई नेतृत्व, अनुसन्धान, प्रविधि र अन्तर्राष्ट्रिय शिक्षा प्रवृत्तिको जानकारी दिनुपर्ने हुन्छ । सरकारी नीतिले पनि अब शिक्षा क्षेत्रमा लचिलो, परियोजना-केन्द्रित, उद्यमशीलता-मुखी र जीवन सिपमा केन्द्रित पाठ्यक्रम अनिवार्य बनाउनु पर्छ, जसमा विद्यालयले विद्यार्थीलाई आफ्नै रुचि र लक्ष्य अनुसार विषय छनोट गर्ने स्वतन्त्रता दिन सकून् । नेपालले भविष्यमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धी स्नातक उत्पादन गर्न विश्वस्तरीय मान्यता प्राप्त कार्यक्रम सञ्चालन गर्नु पर्छ, जसले विद्यार्थीलाई अन्तर्राष्ट्रिय स्तरको शैक्षिक अनुभव दिलाउँछ । यसका लागि शिक्षा मन्त्रालय, विश्वविद्यालय, निजी विद्यालय सङ्घ संस्थाबिच दीर्घकालीन सहकार्य आवश्यक हुन्छ ।

शिक्षा सुधार केवल पाठ्यक्रम, शिक्षक वा पूर्वाधारसम्म सीमित छैन, यो एक सांस्कृतिक रूपान्तरण हो- जहाँ सम्पूर्ण समुदायले शिक्षालाई राष्ट्रको दीर्घकालीन विकासको आधार मान्छ र त्यसमा समय, स्रोत र श्रम लगानी गर्न तयार हुन्छ । उदाहरणका लागि, प्रचलित स्कुलले स्टिम/एआई प्रयोगशाला, अन्तर्राष्ट्रिय शिक्षक आदानप्रदान, विद्यार्थी नेतृत्व कार्यक्रम र बहुभाषिक सिकाइलाई आफ्नो पाठ्यक्रममा समावेश गर्दै गुणस्तर सुधार र ब्रान्ड निर्माणमा महत्वपूर्ण प्रगति गरेको छ, जसबाट देखिन्छ कि स्पष्ट दृष्टि, योग्य नेतृत्व र प्रतिबद्ध टोली भएमा नेपालमै विश्वस्तरीय शिक्षा सम्भव छ । भविष्यतर्फ हेर्दा, हामीले २०३० सम्मका लागि स्पष्ट कार्ययोजना बनाउनु पर्छ- जसमा सबै विद्यालयमा न्यूनतम डिजिटल पूर्वाधार र इन्टरनेट पहुँच, १०० प्रतिशत शिक्षक डिजिटल दक्षता, सबै विद्यार्थीको सामाजिक-भावनात्मक सिकाइ मूल्याङ्कन, ग्रामीण क्षेत्रमा मोबाइल ल्याब, अन्तर्राष्ट्रिय मान्यता प्राप्त कार्यक्रमको प्रसार, शिक्षा र उद्योगबिचको सहकार्य बढाउने लक्ष्य समावेश हुनु पर्छ ।

सबै सुधार हालैदेखि नै सुरु गरियो भने, नेपाल १५ वर्षभित्र उच्च गुणस्तरीय, नवप्रवर्तनशील र विश्वस्तरीय प्रतिस्पर्धी स्नातक उत्पादन गर्ने राष्ट्र बन्न सक्छ । यसका लागि शिक्षा क्षेत्रमा कार्यरत सबै सरोकारवाला-शिक्षक, विद्यालय सञ्चालक, अभिभावक, विद्यार्थी, नीति निर्माता र निजी क्षेत्र- सबैले साझा दृष्टि, योजना र कार्यान्वयनमा हातेमालो गर्नु पर्छ । आज हामीले लिएको निर्णय र सुधारका कदम नै भोलिको नेपाललाई बौद्धिक रूपमा धनी, आर्थिक रूपमा सबल र नैतिक रूपमा दृढ राष्ट्रको रूपमा स्थापित गर्ने आधारशिला हुने छ र त्यस यात्रामा शिक्षा नै हाम्रो सबैभन्दा ठुलो लगानी र गर्वको विषय हुने छ ।

शिक्षाको मूल उद्देश्य केवल ज्ञान हस्तान्तरण मात्र होइन तर विद्यार्थीलाई भविष्यका लागि सक्षम, जागरूक र जिम्मेवार नागरिक बनाउनु हो । यसका लागि आवश्यक छ कि हामीले सिकाइलाई विद्यार्थी केन्द्रित, अनुभव आधारित बनाउने दिशामा योजना र कार्यान्वयन गरौँ । नयाँ युगका विद्यार्थीलाई चुनौती सामना गर्ने, आफ्नै सोच विकास गर्ने र समाजमा सकारात्मक परिवर्तन ल्याउने पात्र बनाउन यसरी शिक्षा प्रणालीमा आमूल सुधार आवश्यक छ । शिक्षा क्षेत्रका सबै सरोकारवालाले यसमा साझा भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ, किनभने आजको सुधार नै नेपालको उज्ज्वल भविष्यको आधारशिला हुने छ ।

# सार्वजनिक प्रशासनमा सदाचार



• डा.गोविन्दप्रसाद कुसुम

सदाचारबारे लेख्ने र भाषण गर्ने विषयले जति व्यापकता पाएको छ, त्यसको एक चौथाई पनि व्यवहारमा इमानदारितापूर्वक प्रतिविम्बित हुने हो भने त्यसले शासकीय अङ्गहरूको मर्यादा र सम्मानलाई नयाँ उचाइमा पुऱ्याउँछ । सदाचार फगत कुराकानीको विषय होइन, यो व्यक्तिको जीवनशैली हो, व्यवहारजन्य क्रियाकलाप हो । नैतिकताको जगमा सदाचार उभिएको हुन्छ भने सदाचारयुक्त क्रियाकलापले संस्था र समाजको मूल्य स्थापित गर्छ । यही मूल्यले उक्त समाजको सभ्यतालाई उजागर गरेको हुन्छ । यसरी एउटा मुलुकको सभ्यतालाई विश्लेषण गर्नुपर्दा समाजमा स्थापित मूल्य, मान्यता र व्यक्तिको सदाचारभित्रको नैतिकताको मसिनो अध्ययन गरिन्छ ।

यदि नैतिकता र सदाचारमा ह्रास आउन सुरु गऱ्यो भने बुझ्नु पर्छ, त्यहाँको सभ्यता क्षतिग्रस्त हुने दिशातर्फ उन्मुख छ । सभ्यता क्षतिग्रस्त हुन लाग्यो भने समाजमा अराजकता बढ्ने र त्यो अराजकताभित्र बाह्य तत्वको घुसपैठद्वारा राज्य कमजोर बन्ने स्थिति सिर्जना हुन्छ । त्यसैले अर्थ र सैन्यका हिसाबले शक्तिसम्पन्न देशहरूले अन्य देशलाई उपनिवेश बनाउने क्रममा तत् देशको सभ्यता र पहिचानमाथि बिस्तारै बिस्तारै प्रहार गरेर समाजलाई लडाउने, टुक्र्याउने र आफ्नो स्वार्थ पूरा गर्ने काम भए गरेको इतिहास एसिया, अफ्रिका एवं दक्षिण अमेरिकाका धेरै देशसँग रहेको छ ।

भन्छन् समयको परिवर्तनसँगै परिस्थिति बदलिन्छ । साथै परिस्थितिले पनि समयलाई बदल्छ । बदलिएको परिस्थितिमा शक्तिसम्पन्न राष्ट्रले कमजोर राष्ट्रमाथि गर्ने व्यवहार हिजोको समयभन्दा फरक हुन्छ । त्यहाँ राजनीतिक सिद्धान्तले होइन, सामरिक र आर्थिक स्वार्थले काम गरेको हुन्छ । नयाँ रूप, स्वरूप र ढङ्गमा त्यो व्यवहार अगाडि आउँछ । त्यो व्यवहारलाई सूक्ष्म तरिकाले विश्लेषण गरेर बुझ्न सकिएन भने गुलियो महमा माखो टाँसिए झैँ कमजोर राष्ट्रको सार्वभौमिकता र अखण्डतालाई धितो राख्नुपर्ने स्थिति बन्छ । यस प्रकारको कठिन स्थिति नआओस् र मुलुकको स्वाधीनता तथा सार्वभौमिकतामा कुनै खलल नपरोस् भन्नका लागि प्रशासनको परिणाममुखी क्रियाकलाप महत्वपूर्ण हुन्छ ।

प्रशासनिक दायित्व

शासन सञ्चालनको मूल आधार प्रशासन हो, जसले शासकीय क्रियाकलापलाई नागरिकको घरदैलोमा पुऱ्याएर सरकारप्रति उनीहरूको विश्वासलाई सुनिश्चित गर्छ । यसका लागि प्रशासनले सदाचारको माग गर्छ । किनकि प्रशासनिक सदाचार सुशासनको साइलेन्स फाउन्डेसन (मौन जग) हो । यसले प्राविधिक र गैरप्राविधिक क्रियाकलापलाई मात्रै होइन नैतिक क्रियाकलापलाई समेत जागृत गराउँछ । प्रशासनिक सदाचारभित्र रहेको सूक्ष्म, मध्यम र बृहत् पक्षलाई प्रशासन चलाउनेहरूले व्यक्तिगत र संस्थागत रूपमा बुझेर पालन गर्नुपर्ने हुन्छ । नागरिकलाई न्याय दिने, समानतालाई व्यवहारमा देखाउने, कानुनी शासनको प्रत्याभूति गराउने जस्ता बृहत् तर महत्वपूर्ण कार्यमा संस्थागत परिचालन र कर्मचारीको दैनिक कार्यशैलीमा व्यक्तिगत निष्ठा, स्वच्छता, उत्तरदायित्वको निर्वाह एवं नैतिक आचरण अनिवार्य हुन्छ । क्याथ्रिन जी. डेनहार्डटले 'द इथिक्स अफ पब्लिक सर्भिस' मा लेख्नुहुन्छ, प्रशासनिक सदाचार, व्यक्तिको निष्ठाको सङ्गम विन्दु (इन्टरसेक्सन) मा रहेको हुन्छ । दक्ष र सक्षम व्यक्तिहरूको समूहले प्रशासनलाई गति दिने भएकाले मुलुकको राष्ट्रिय सुरक्षादेखि समष्टिगत विकासमा दिगो सदाचारयुक्त शासनको अपेक्षा नागरिकले गरेका हुन्छन् । दिगो सदाचारयुक्त शासनको परिचालनमा जहिले पनि कानुनी शुद्धता र सदाचार शुद्धता (इथिकल करेक्टनेस) लाई सँगसँगै लिएर जानुपर्ने हुन्छ । प्रशासनले आफूलाई सुम्पिएको शासकीय जिम्मेवारीलाई प्रतिफलमूलक ढङ्गले निर्वाह गर्ने क्रममा कानुनी शुद्धतालाई विशेष ध्यान दिने गरिन्छ, जुन स्वाभाविक हो । कारण कुनै पनि संस्थागत वा व्यक्तिगत कार्य सम्पादन गर्दा कानुनमा लेखिएका दफा दफालाई केलाएर त्यस अनुसार गर्नु गराउनुपर्ने हुन्छ, जसको विपरीत कार्य गर्दा कालान्तरमा त्यसको दण्डभागी सम्बन्धित निर्णयकर्ता वा कार्यान्वयनकर्ता हुन्छन् । त्यसैले पनि प्रशासनभित्र लिइने निर्णय प्रक्रियाउन्मुख हुने गर्छन् । प्रक्रियामुखी हुनैपर्ने बाध्यतालाई ओझेलमा राखेर प्रशासकले कलम चलाउन असजिलो मान्ने गर्छन् । त्यसैले त प्रशासक घरमा कलम राखेर कार्यालय आउँछन् । जुन काम गर्दा पनि अख्तियार दुरुपयोग गरेको बात लाग्छ कि भन्ने त्रसित मनबाट कामहरू गर्ने परिस्थिति देखा पर्दै गएको वर्तमान अवस्थामा प्रशासनलाई प्रक्रियामुखी भएको आलोचना आउनुलाई अन्यथा मान्नुपर्ने स्थिति छैन ।

प्रक्रियाउन्मुख कार्यमा कानुनी शुद्धताबारे विशेष सतर्कता अपनाइन्छ । कानुनले निषेध गरेको विषयका हकमा त निर्णयकर्तालाई निर्णय गर्न कठिन हुँदैन तर कुनै ऐनभित्र रहेको कुनै दफाले निर्णयकर्ताको स्वविवेकउपर विषयगत निर्णयका लागि स्पेस छोडेको छ भने त्यहाँ निर्णयकर्ताले विवेक पुऱ्याउनु जरुरी छ । यो विवेकलाई दिशानिर्देश गर्ने माध्यम हो 'सदाचार शुद्धता ।' कानुनी शुद्धता र सदाचार शुद्धता समानान्तर हिँड्ने ट्रेनका दुई फलामे लिक जस्तै हुन्- एउटालाई अनुपस्थित राखेर अर्काको मात्र प्रयोग गर्दा प्रशासनिक निर्णय, कार्यान्वयन र परिणामले शुद्धता पाउँदैन । उदाहरणका लागि पहाडको जङ्गलै जङ्गल भएर कुनै एक विन्दुबाट अर्को विन्दुसम्म सडक पुऱ्याउनु छ भने सडक निर्माणको आयोजना कानुनी शुद्धताको पक्षबाट ठिक हो तर निर्णयकर्ताको सदाचारको पक्षलाई यहाँनेर हेर्नु पर्छ । यो कार्यमा जङ्गल सखाप पारेर बाटो खन्दा त्यसले भू-स्खलन गर्ने, जैविक बासस्थानको विनाश हुने, पानीको स्रोत सुक्ने, वातावरण प्रदूषण गर्ने पक्षलाई सदाचार शुद्धताको नैतिक धरातलबाट विश्लेषण गर्ने परिपाटीमा ह्रास आएको छ । यही हो व्यक्तिको निष्ठाको सङ्गम विन्दु ।

यातायातका लागि सडक बाटो लानु पर्छ भने पनि त्यसबाट पर्ने भावी असरलाई सदाचारयुक्त नैतिकताको आँखीझ्यालबाट हेर्नै पर्छ । केही वर्षयता पहाडमा भएको 'डोजरे बाटो' ले पहिरो गएको र त्यसले स्थानीय बस्तीलाई क्षति पुऱ्याएको व्यहोरा जगजाहेर छ । गिटी, बालुवा उत्खनन गरेर स्थानीय सरकारले राजस्व वृद्धि गर्नु कानुनी शुद्धताको पक्षबाट ठिक हो तर अत्याधिक दोहन र त्यसबाट स्थानीय नदीनाला, वातावरण र स्थानीयबासीलाई पुऱ्याउने क्षतिउपर विचार नगर्नु सदाचार शुद्धतालाई बेवास्ता गरेको मानिन्छ । चुरेको अत्यधिक दोहनले समथर क्षेत्रमा पारेको प्रभाव यसको एउटा ज्वलन्त उदाहरण हो ।

उपरोक्त विषयलाई प्राविधिक कोणबाट मात्र हेर्ने र त्यसैलाई विकास ठान्ने सङ्कीर्ण सोचबाट मुक्त भई विकासलाई सुरक्षा, वातावरण र प्राकृतिक स्रोत एवं सम्पदाको संरक्षणको कोणबाट पनि हेरिनु जरुरी छ । यस प्रकारको कार्यमा प्रशासनिक उत्तरदायित्व र जिम्मेवारी अहम् रूपमा अगाडि आउँछन् ।

सदाचारको बहस


कुनै पनि विषयउपरको सार्थक बहसले विषयवस्तुलाई लक्षित उद्देश्य प्राप्तिको गन्तव्यमा पुऱ्याउँछ । सदाचार, नैतिकता, निष्ठा, मूल्य-मान्यता, देशभक्ति आदिका भावमा कमी आयो भन्ने गुनासो व्यापक छ । यी विषय व्यक्ति र संस्थाको व्यवहारजन्य क्रियाकलापमा रूपान्तरण किन हुन सकेनन् ? वा रूपान्तरण भए पनि मात्रात्मक फड्को किन मार्न सकेनन् ? यी यस्ता यक्ष प्रश्न हुन्, जसको उत्तर आजको जागृत समाजले मागिरहेको छ ।

प्रशासनको रूप अमूर्त हुन्छ, देखिँदैन तर अनुभव गरिन्छ । प्रशासन चलाउने मानव हात, ज्ञान र विवेक हुन् । जब मानवको ज्ञान र विवेक सदाचारले ओतप्रोत हुन्छ,

❖ बाँकी तेस्रो पृष्ठमा

# कम्प्युटर कतै थन्किए, कतै प्राप्त गर्दै

मेचीनगर(प्रस) ।तत्कालीन प्रतिनिधि सभा सदस्य राम कार्कीको सक्रियतामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा नेपाल दूरसञ्चार प्राधिकरणको सहकार्यमा झापाको मेचीनगर नगरपालिका वडा नम्बर– २ भृकुटीमा रहेको भानु माध्यमिक विद्यालयमा २०७७ सालमा करीब २८ लाख खर्च गरेर २४ थान कम्प्युटर जडान भयो । डेक्सटप सेट, व्याट्री, इन्भर्टरलगायतका सामग्री उपलब्ध भएपछि सञ्चालनमा आएको कम्प्युटर ल्याब दुई वर्षभन्दा बढी चलेन र २०७९ सालमा ल्याब बन्द भयो ।



कारण थियो -विद्युत महशुल । कम्प्युटर ल्याब सञ्चालनमा आए पनि मासिकरुपमा विद्युत खर्च बुझाउन विद्यालयलाई कठिनाई भएका कारण ल्याब रहेको कोठाको ढोकामा झुण्डिएको ताला अझैसम्म खुल्न सकेको छैन ।

‘विद्यालयमा कम्प्युटर ल्याब त जडान भयो तर, विद्युत महशुल तिर्न नसक्दा बन्द गर्न बाध्य छौ,’प्रधानाध्यापक खड्गकुमारी तिम्सिनाले भनिन्,‘ विद्युत महशुल कति हो कति ? आम्दानीको स्रोत छैन विद्यालयलाई थप आर्थिक भार भएपछि ल्याब बन्द छ ।’ विद्यालयमा करीब १८ देखि २२ वटा उच्च गुणस्तरका व्याट्री छन् । अहिले सवै लथालिङ्ग अवस्थामा रहेको प्रधानाध्यापक तिम्सिनाले बताइन् ।

केही दिनअघि एउटा प्राविधिक टोलीसँग मर्मत तथा सम्भारका लागि प्रविधिक इस्टिमेट गर्दा विद्यालयले धान्नै नसक्ने खर्च निकालेपछि जडान गर्न नसकिएको उनको भनाई छ । विद्यालयको प्रशासनिक खर्चले अन्य खर्च धान्न सक्ने अवस्था नरहेको विद्यालयले जनाएको छ ।

केही समयअघि शिक्षकहरुबाट रकम संकलन गरेर विद्युत महशुल बापतको बक्यौंता एक लाख २४ हजार तीन ३३ रुपैयाँ बुझाए पनि अब त्यसो गर्ने अवस्था नरहेको प्रधानध्यापक तिम्सिनाले बताइन् ।

नगरका कुनै विद्यालयमा दाताले दिएका लाखौं रुपैयाँका यस्ता सामान लथालिङ्ग अवस्थामा रहिरहेका बखत विहीबार झापा मेचीनगरको एउटा प्रतिष्ठानले नगरकै अर्को सामुदायिक विद्यालयलाई लाखौं रुपैयाँ पर्ने दश थान कम्प्युटर सेट हस्तान्तरण गरेको छ ।

मेचीनगर –७ मा प्रधान कार्यालय रहेको झनकप्रसाद-खीनमाया कट्टेल समाज कल्याण प्रतिष्ठानले मेचीनगर –८ इटाभट्टामा रहेको आदर्श माध्यमिक विद्यालयलाई अत्याधुनिक दश थान कम्प्युटर सेट हस्तान्तरण गरेको हो । प्रतिष्ठानका अध्यक्ष एवम् सोही विद्यालयका पूर्व विद्यार्थी डम्बरुवल्लभ कट्टेलले आगामी दुई वर्षभित्र २० वटा कम्प्युटर दिने गरी यसवर्ष १० वटा कम्प्युटर हस्तान्तरण गरेको बताए ।

विहीबार विद्यालयमा आयोजित कार्यक्रममा कम्प्युटर ल्याव प्रमुख अतिथि मेचीनगर नगरपालिकाका नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले उद्घाटन गरेका थिए । उद्घाटन सत्रमा प्रमुख अतिथि नगर प्रमुख बुढाथोकीले दाताले विद्यार्थीहरुको उज्ज्वल भविष्यका लागि दिएको सुविधायुक्त कम्प्युटरहरुको सहीरुपमा सदुपयोगको शुभ कामना व्यक्त गरे । पिता झनकप्रसाद कट्टेलको नाममा एक लाखको अक्षयकोष पनि खडा गरिदिएका छन् ।

कार्यक्रममा स्व.झनकप्रसाद कट्टेलकी पत्नी खीनमाया कट्टेललगायत प्रतिष्ठान परिवार, मेचीनगर वडा नम्बर ८ का वडाध्यक्ष गिरीराज धमला, वडा सदस्यहरु, शिक्षक, विद्यार्थी, कर्मचारीलगायतको उपस्थिति रहेको थियो ।

आदर्श माविका व्यवस्थापन समिति अध्यक्ष पूर्णबहादुर खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत प्रधानाध्यापक कृष्ण पुरी र सञ्चालन सहायक प्रधानाध्यापक लम्बोदर पौडेलले गरेका थिए ।

# इनरह्वील क्लबले महिला बन्दी गृहमा मनायो तीज

झापा(प्रस) । इनरह्वील क्लब बिर्तामोड मिडटाउनले महिला बन्दी गृह भद्रपुरका बन्दी महिलाहरुसंग खुशीयाली साट्दै तीज पर्व मनाएको छ । महिला बन्दी गृहमा

बुधवार तीज मिलन समारोह आयोजना गरी क्लबले ७५ जना बन्दी महिलालाई दर खुवाउनुका साथै विभिन्न आवश्यक सामग्रीहरु सहयोग गरेको छ । एबीसी नेपाल सहआयोजक रहेको सो कार्यक्रममा १ थान सिलाई मेसिन,१ थान वाल पंखा, ७५ थान साडी , ३ हजार पिस सेनेटरी प्याड, थान कपडा ५० मिटर,किताब गरी जम्मा ५० हजार मूल्य बराबरको सामान उपलब्ध गराइएको इनरह्वील क्लब बिर्तामोड मिडटाउनकी अध्यक्ष लुना बस्नेतले बताइन् । क्लबकी अध्यक्ष बस्नेतको अध्यक्षता तथा भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विशिष्ट अतिथि सहायक प्रमुख जिल्ला अधिकारी दोरेन्द्र निरौला ,कारागार प्रमुख बिनोद आचार्य ,एबीसी नेपालकी अध्यक्ष कन्चना ढकाल,एकल महिला झापाकी अध्यक्ष रेखा अधिकारी, महिला बन्दी गृहकी आन्तरिक प्रशासन प्रमुख रिता राई ,क्लबका निशा गिरीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन सचिव कमला पौडेलले गरेकी थिइन् । बन्दी महिलालाई वितरण गरिएको सामान पुजा कलेक्सनकी पुजा अग्रवाल ,मुनमुन अग्रवाल, रिचा अग्रवाल,रेनु शर्मा ,बिपिन बस्नेतले सौजन्य प्रदान गरेका थिए ।

## पत्रकारलाई सामाजिक सुरक्षा कोषका बारेमा अन्तरक्रिया

दमक(प्रस) । झापाको दमकका मिडिया सञ्चालक र पत्रकारहरुलाई सामाजिक सुरक्षा कोषका बारेमा सहजीकरण गरिएको छ। प्रेस चौतारी नेपाल झापाले आयोजना गरेको सामाजिक सुरक्षा कोष र लेखा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रममा दमक क्षेत्रका मिडिया सञ्चालक, पत्रकारहरुको सहभागिता रहेको थियो । अभिमुखीकरण कार्यक्रममा सामाजिक सुरक्षाकोषका कोशी प्रदेश प्रमुख दिपकराज भट्ट र आन्तरिक राजश्व कार्यालय दमकका प्रमुख ज्ञानेन्द्रप्रसाद यादवले सहजीकरण गरेका थिए ।

कार्यक्रममा सामाजिक सुरक्षा कोष कोशी प्रदेशका प्रमुख प्रमुख भट्टले योगदानमा आधारित सामाजिक सुरक्षा कोष, यसको स्थापना, उद्देश्य, सञ्चालन, योगदानकर्ता, योजना, आवद्ध हुने प्रकृया, प्राप्त हुने लाभ र आश्रित परिवारले पाउने सेवा सुविधा लगायतका विविध विषयमा जानकारी गराएका छन् । उनका अनुसार योगदानमा आधारित सामाजिक सुरक्षा कोष श्रमिकको जीवनभरको सुरक्षाका लागि श्रमिक तथा रोजगारदाताले संयुक्त रूपमा योगदान गर्ने सरकारी योजना हो । जसमा योगदानकर्ता कामदारको नाममा मासिक तलवको ३१ प्रतिशतको दरले रकम जम्मा हुन्छ। त्यसमध्ये कामदारको तलवबाट ११ प्रतिशत र रोजगारदाताले २० प्रतिशत योगदान गर्नुपर्ने बताए । त्यसमा आवद्ध भए वापत कोषले दुर्घटना विमा, स्वास्थ्योपचार, मातृत्व भत्ता, शिशु स्याहार भत्ता, घातक रोग उपचार खर्च, दीर्घकालिन पेन्सन लगायतका सेवा प्रदान गर्दछ । उक्त कोषमा औपचारिक, अनौपचारिक

❖ बाँकी अन्तिम पृष्ठमा

# झापाका स्थानीय तहलाई प्याब्सनको ज्ञापनपत्र

झापा(प्रस) । शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिले पारित गरेको प्रस्तावित शिक्षा विधेयकका केही बुँदामा असहमति जनाउँदै आन्दोलनमा रहेको निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) ले झापाका १४ वटै स्थानीय तहमा ज्ञापनपत्र बुझाएको छ ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) को केन्द्रीय कार्यसमितिको निर्णय अनुसार प्याब्सन झापाले समेत झापामा सात वटा नगरपालिका र सात वटा गाउँपालिकाका प्रमुख, उपप्रमुख तथा शिक्षा शाखा प्रमुखलाई ज्ञापनपत्र बुझाएको प्याब्सन झापाका अध्यक्ष छत्रवहादुर कार्कीले जानकारी दिए ।

कचनकवल गाउँपालिकामा भने प्याब्सनको सदस्य विद्यालय नरहेको बताइएको छ । प्याब्सनमा आवद्ध झापामा ३१८ सदस्य विद्यालय रहेका छन् । ज्ञापनपत्र बुझाउने क्रममा प्याब्सन झापाका पदाधिकारीसहित पालिकामा गठित प्याब्सनका पदाधिकारी, एन प्याब्सन, हिसान लगायतका निजी शिक्षालयहरूको समेत सहभागिता रहेको थियो । चार सयभन्दा बढी सदस्य विद्यालयहरूका संस्थापक प्रिन्सिपल, सञ्चालक तथा शिक्षक कर्मचारीको उपस्थितिमा झापाका १५ वटै स्थानीय तहमा पुगेर शिक्षा विधेयकमा समावेस गरिएका मुख्य चार वटा बुँदा सच्याउन माग गर्दै ज्ञापनपत्र बुझाइएको थियो ।

सरकारले ल्याउन लागेको शिक्षा विधेयकमा प्याब्सनले निजी विद्यालयहरुलाई क्रमशः गैरनाफामुलक बनाइने छ भन्ने वाक्यांश हटाउन माग गरेको छ । त्यस्तै पूर्ण छात्रवृत्ति भन्ने शब्द हटाइनु पर्ने, हाल अभ्यासमा रहेको जम्मा विद्यार्थी संख्याको १० प्रतिशत प्रावधानलाई निरन्तरता दिइनु पर्ने, छात्रवृत्तिअन्तर्गत भर्ना शुल्क र मासिक पढाई शुल्क कायम हुनु पर्ने माग गरेको छ ।

शिक्षा क्षेत्रको विकासका लागि निजी स्तरबाट पछिल्लो तीन दशकमा झण्डै ६ खर्ब रुपैयाँ लगानी गरिएको र यसले करिब चार लाख मानिसलाई रोजगारी सृजना गरेको, ३४ प्रतिशत विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गरेको , सरकारले छुट्याएको शिक्षाको कुल बजेटको ३५ प्रतिशतको हाराहारीमा योगदान निजी क्षेत्रको रहेको अवस्थामा निजी क्षेत्रका मागलाई सम्बोधन नगरेको भन्दै प्याब्सन आन्दोलित बनेको हो ।

यसै क्रममा प्याब्सन झापाले केन्द्रको निर्णय अनुसार झापाका सबै स्थानीय तहलाई ज्ञापनपत्र बुझाएको प्याब्सन झापाका सचिव लक्ष्मीप्रसाद उप्रेतीले जानकारी दिए । मेचीनगर नगरपालिकामा नगरप्रमुख गोपालचन्द्र बुढाथोकी , उपप्रमुख मिना उप्रेती पोखरेल , शिक्षा अधिकृत लक्ष्मी दाहाललाई संयुक्त रुपमा ज्ञापनपत्र बुझाइएको प्याब्सन मेचीनगर अध्यक्ष विक्रम क्षेत्रीले जानकारी दिए ।

भद्रपुर नगरपालिकामा नगरप्रमुख गणेश पोखरेलसहित शिक्षा शाखा प्रमुख पवित्रा ढकाललाई ज्ञापनपत्र बुझाइएको प्याब्सन भद्रपुर अध्यक्ष भक्त कार्कीले जानकारी दिए ।

हल्दीबारी गाउँपालिकामा अध्यक्ष रविन्द्र लिङदेन, उपाध्यक्ष लक्ष्मीदेवी मैनाली, शिक्षा शाखा प्रमुख जनककुमारी राईलाई संयुक्त रुपमा ज्ञापनपत्र बुझाइएको प्याब्सन हल्दीबारी गाउँपालिका अध्यक्ष एम दङ्गालले जानकारी दिए ।

यता अर्जुनधारा नगरपालिकामा उपप्रमुख खड्गमाया पराजुली , शिक्षा शाखा प्रमुख हरिबहादुर कुँवरलाई संयुक्त रूपमा ज्ञापनपत्र बुझाएको प्याब्सन अर्जुनधारा अध्यक्ष बालगोपाल गौतमले जानकारी दिए ।

बिर्तामोड नगरपालिकाका नगरप्रमुख पवित्रा महतारा प्रसाई , उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, शिक्षा शाखा प्रमुख प्रमुख तिलचन भण्डारी, शिक्षा अधिकृत लासाङ तामाङ ,जानुका रेग्मीलाई संयुक्त ज्ञापनपत्र बुझाइएको प्याब्सन बिर्तामोड अध्यक्ष सुरेन्द्र खरेलले जानकारी दिए ।

त्यस्तै बाह्रदशी गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाई , उपाध्यक्ष शान्तादेवी शिवाकोटी खरेल, प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौला , शिक्षा प्रमुख योगराज पौडेललाई संयुक्तरुपमा ज्ञापनपत्र बुझाइएको प्याब्सन बाह्रदशी अध्यक्ष निमेश ढुंगेलले जानकारी दिए ।

उता दमक नगरपालिका उपप्रमुख रेगिना भट्टराई , शिक्षा अधिकृत सोमनाथ गुरागाईंलाई ज्ञापनपत्र संयुक्तरुपमा हस्तान्तरण गरिएको प्याब्सन दमक नगर अध्यक्ष नवीन योगीले जानकारी दिए ।

यता कन्काई नगरपालिका नगरप्रमुख राजेन्द्रकुमार पोखरेल, शिक्षा प्रमुख राजकुमार ओडारीलाई ज्ञापनपत्र संयुक्त रुपमा बुझाइएको प्याब्सन कन्काई नगर अध्यक्ष विनोद उप्रेतीले जानकारी दिए ।

त्यस्तै कमल गाउँपालिका अध्यक्ष हुकुमसिंह राई र शिक्षा अधिकृत रबिन गौतमलाई ज्ञापनपत्र संयुक्तरुपमा बुझाइएको प्याब्सन कमल पालिका अध्यक्ष दीपक संग्रौलाले जानकारी दिए ।

गौरादह नगरपालिका प्रमुख छत्रपति सुवेदी , प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सुवेदी र शिक्षा प्रमुख बिदुर आचार्यलाई संयुक्तरुपमा ज्ञापनपत्र बुझाइएको प्याब्सन गौरादह अध्यक्ष टेकनाथ तिम्सिनाले जानकारी दिए ।

शिवसताक्षी नगरपालिका प्रमुख मेगाहाङ थोप्रा , उपप्रमुख नरमाया कार्की र शिक्षा प्रमुख छवि ढकाललाई ज्ञापनपत्र संयुक्तरुपमा बुझाइएको प्याब्सन शिवसताक्षी अध्यक्ष रामप्रसाद सुहाङले जानकारी दिए ।

उता गौरीगञ्ज गाउँपालिका अध्यक्ष फूलबती राजवंशी , उपाध्यक्ष पूजन न्यौपाने कुँवर र शिक्षा प्रमुख टंकप्रसाद खरेललाई संयुक्तरुपमा ज्ञापनपत्र बुझाइएको प्याब्सन गौरीगञ्ज अध्यक्ष धनप्रसाद राजवंशीले जानकारी दिए । बुद्धशान्ति गाउँपालिका उपाध्यक्ष भवानीप्रसाद खतिवडा र शिक्षा प्रमुख कमल निरौलालाई संयुक्तरुपमा ज्ञापनपत्र हस्तान्तरण गरिएको प्याब्सन बुद्धशान्ति अध्यक्ष तिलक पाख्रिनले जानकारी दिए । झापा गाउँपालिका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलिया, प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलिया र शिक्षा प्रमुख जीवनप्रसाद ढकाललाई संयुक्तरुपमा ज्ञापनपत्र बुझाइएको प्याब्सन झापा गाउँपालिकाका गणेश सुवेदीले जानकारी दिए ।

## झापामा...

स्थान र पशुपालनको कारण लामखुट्टेको संख्या बढी हुन्छ। यो रोग सर्ने माध्यम संक्रमित सुँगुर वा चराचुरुङ्गीबाट लामखुट्टेमा भाइरस सर्छ र संक्रमित लामखुट्टेले मानिसलाई टोक्दा रोग सर्ने गर्दछ तर यो संक्रमण मानिसबाट मानिसमा प्रत्यक्ष सर्दैन।

विशेष गरी जापानिज इन्सेफ्लाइटिस बालबालिका, कृषि क्षेत्रमा काम गर्ने किसान, ग्रामीण क्षेत्रका बासिन्दामा लाग्ने गरेको छ ।

जेई रोगको लक्षण सुरुमा ज्वरो आउने, टाउको दुखाई, वाकवाकी लाग्ने, बान्ता हुने, शरीर दुखाइ तथा गम्भीर अवस्थामा मानसिक स्थिति परिवर्तन, अचेत, बकबक, घाँटी कठोर हुनु, दीर्घकालीन स्नायु सम्बन्धी समस्या हुने गर्दछ।

विशेष गरी जापानिज इन्सेफ्लाइटिस रोगको रोकथामका उपायहरुमा लामखुट्टेको टोकाइबाट जोगिने, मच्छरदानीको प्रयोग लामखुट्टे मार्ने औषधि लगाउने, पानी नजम्ने गरी सरसफाइ गर्ने, सुँगुरलाई मानवीय बस्तीबाट टाढा राख्ने लगायत रहेका छन्। त्यस्तै जापानिज इन्सेफ्लाइटिसको खोप लगाउने तर उपचार यसका लागि विशेष एण्टिभाइरल औषधि नरहेको वताईएको छ । उपचार मुख्यत लक्षण अनुसार सहयोगी हेरचाह दिइन्छ। गम्भीर अवस्थामा अस्पतालमा भर्ना गरेर उपचार गर्ने गरिएको छ। गत वर्ष नेपालमा ६१ जनामा भाइरसले सार्ने यो सङ्क्रमण पुष्टि भएको थियो। तीमध्ये १४ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

गत वर्ष नेपालमा ६१ जनामा भाइरसले सार्ने यो सङ्क्रमण पुष्टि भएको थियो। तीमध्ये १४ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## सार्वजनिक...

उसले गर्ने कार्य उम्दा र सकारात्मक हुन्छन् । आमनागरिकले असल प्रशासनको अनुभव गर्छन् । प्रशासनको हरेक क्षेत्रमा रहेका व्यक्तिमा कस्तो शिक्षा र संस्कार दिइयो, त्यसले उसको सदाचार, नैतिकता, मूल्य र मान्यताको तहलाई निर्धारण गरेको हुन्छ । एउटा कर्मचारीको जति बढी नैतिक निष्ठायुक्त सदाचार बलियो हुन्छ, उसको कार्यसम्पादन उति उम्दा बन्छ । कारण उसले सार्वजनिक चासोलाई सम्बोधन गर्न सक्छ, प्रदान गरिने सेवामा स्वच्छता र निष्पक्षता ल्याउँछ, अख्तियारको दुरुपयोग रोक्छ र कठिन परिस्थितिमा पनि सही निर्णय गर्दै प्रभावकारी कार्यान्वयन गर्न सक्छ । फलतः सम्बन्धित कर्मचारी मात्रै होइन सिङ्गो प्रशासनउपर जनविश्वास बढ्छ ।

मुलुकको शिक्षा प्रणालीले हाम्रो प्राचीन मूल्यमान्यताको उपयोगिताबारे खासै चासो दिएको महसुस हुँदैन । सदाचार र नैतिकता जस्ता अति आवश्यक आचरण र व्यवहार तत्वलाई विद्यालय शिक्षाभित्र महत्व दिएको देखिँदैन । देशभक्तिको भावनालाई जागृत गराउने पठनपाठन र अभिमुखीकरण भए गरेको पाइँदैन । अधिकारबारे धेरै किसिमले पढाइन्छ तर अधिकारको प्रयोगसँगै कर्तव्य पालना गर्नुपर्नेतर्फ सिकाइँदैन, ध्यान दिइँदैन । त्यसैले हुन सक्छ, सामाजिक सञ्जाललगायत विभिन्न ई-प्लेटफर्ममा नकारात्मक विचारको सम्प्रेषण र प्रस्तुति व्यापक बन्दै गएको छ । यस प्रकारको नकारात्मक प्रस्तुतिले समग्रमा व्यक्ति वा समूह विशेषको मात्रै होइन समष्टिमा आफ्नै मातृभूमिको छवि धमिलो हुन्छ भन्ने विषयलाई हरेक नागरिकले सतत् संवेदनशील भएर बुझ्नु जरुरी छ । माथि चर्चा गरिएको सन्दर्भमा हेर्दा विद्यमान शिक्षा प्रणालीभित्र रहेको पाठ्यक्रममा परिवर्तन आवश्यक छ । यस्तो पाठ्यक्रमको निर्माण र कार्यान्वयन होस्, जुन पाठ्यक्रमले प्रारम्भिक कक्षादेखि एसइईसम्मको कक्षामा देशभक्ति, कर्तव्यअनुरागी, नैतिकता र निष्ठा, सदाचारिता एवं व्यावहारिक स्वच्छताबारे सिकाओस्, पढाओस् । आजदेखि सुरुवात गर्ने हो भने आगामी २० वर्षपछि तयार हुने जनशक्ति सार्वजनिक प्रशासनलगायतका अन्य शासकीय अङ्गमा उम्दा जनशक्तिको रूपमा उर्ध्वगामी प्रवृत्तिका साथ देखापर्ने छन् ।

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** — महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** — आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** — नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** — आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** — मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** — आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** — सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** — आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** — घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** — राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** — परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।